# पर्यटन गाउँ छनाेट, विकास तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७

स्वीकृत मितिः २०७७।५।...

नेपालमा ग्रामिण क्षेत्रमा पर्यटनका क्रियाकलापको रूपमा ट्रेकिङ्, जंगल सफारी, साहसिक पर्यटन, जंगली जनावर तथा चरा अवलोकन, प्राकृतिक रमणीय दृष्यावलोकन, स्थानीय संस्कृतिको अवलोकन, अध्ययन जस्ता प्राकृतिक, कृषि तथा घरेलु उद्यम, खानपान, ग्रामिण जीवनशैली, संस्कृति, भाषा, भेषभुषा, सीप र परम्परा जस्ता उद्यम तथा सांस्कृतिक विविधतामा आधारित पर्यटनको लाभ स्थानीय तहसम्म पुर्याउन नमूना "पर्यटन गाउँ" को छनौट, विकास तथा व्यवस्थापन सम्बन्धमा मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरेकाे छ।

## परिच्छेद -१
## प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम पर्यटन गाँउ छनौट विकास तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नभएमा यस कार्यविधिमाः–**

**(क)** "मन्त्रालय" भन्नाले नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई संझिनुपर्दछ ।

**(ख)** "प्रदेश मन्त्रालय" भन्नाले सम्बन्धित प्रदेशको पर्यटन, उद्योग, वन तथा वातावरण मन्त्रालयलाई सम्झिनुपर्दछ ।

**(ग)** "पर्यटन गाउँ" भन्नाले यस कार्यविधि बमोजिम छनौट गरी विकास गरिने पर्यटन गाउँलाई सम्झिनुपर्दछ ।

**(घ)** "पालिका" भन्नाले यस प्रयोजनका लागि सबै गाँउपालिकाहरु र हिमाली जिल्लाका सबै नगारपालिका र अन्य जिल्लाका सदरमुकाम रहेका नगरपालिका बाहेकका सबै नगरपालिका जनाउँनेछ ।

**(ङ)** "समिति" भन्नाले दफा 28 बमोजिमको पर्यटन गाउँ सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झिनुपर्दछ ।

**३. पर्यटन गाउँका प्रकार:** पर्यटन गाउँ देहायका कुनै हुन सक्नेछन्:-

(क) प्राकृतिक पर्यटन गाउँ

(ख) सांस्कृतिक पर्यटन गाउँ

(ग) मानव निर्मित पर्यटन गाउँ

(घ) मिश्रित पर्यटन गाउँ

**४. उपलब्ध वस्तुको आधारमा पर्यटन गाउँको छनौट:-** पर्यटन गाउँको प्रारम्भिक छनौट सूची तयार गर्दा देहायका मुख्य वस्तुहरूलाई विचार पुर्याउनुपर्नेछः

**(1) मूलवस्तु (Core Product):** अद्वितीय र विशिष्ट पर्यटकीय आकर्षण, स्थानीय सामाजिक र सांस्कृतिक जीवन, मनोरञ्जनात्मक स्थल, साहसिक गतिविधि जस्ता पर्यटकलाई आकर्षण गर्ने वा भ्रमण गर्न अभिप्रेरित गर्ने विशेषतायुक्त वस्तु पर्यटकीय मूलवस्तुको उपलब्धता के कस्तो रहेको छ।

**(2) सहयोगी वस्तु (Supporting Product)**

विशिष्ट किसिमका आवास, ग्यालरी, अद्वितीय लज (होमस्टे, इकोलज), उपहार, पकवान र पाकशाला, परम्परागत यातायात जस्ता यात्रा अनुभवलाई बढी रमाइलो पार्न मद्दत गर्ने वस्तु सहयोगी वस्तुको उपलब्धता के कस्तो रहेकोछ।

**(3) पूरक वस्तु (Supplementary Product)**

पर्यटन सूचना केन्द्र, संकेत चिन्ह, पर्यटक पथ, पर्यटक गाइड जस्ता पर्यटकीय कृयाकलाप गर्न सुविधा पुर्याउने पूरक वस्तुको उपलब्धता के कस्तो रहेकोछ।

## परिच्छेद -२
## पर्यटन गाउँ छनोटको प्रस्ताव आह्वान तथा सिफारिश

**५. पर्यटन गाउँका लागि प्रस्ताव तयार गर्ने:** (१) सम्बन्धित पालिकाले पर्यटन गाउँको छनौट गर्दा देहायको विवरण खुलाउनु पर्नेछः-

(क) दफा ३ बमोजिम कुन प्रकारको पर्यटन गाँउमा पर्ने हो सो खुलाएको,

(ख) दफा ४ बमोजिमको आधारमा के के वस्तुको उपलव्धता छ भन्ने विवरण अनुसूची १ को ढाँचामा खुलाउने,

(ग) प्रस्तावित पर्यटन गाउँले कम्तीमा एउटा वडाको सबै क्षेत्र वा एक भन्दा बढी वडा वा पुरै पालिका समेट्न सकिने,

(घ) प्रस्तावित पर्यटन गाउँमा पर्यटकीय विकासको लागि सम्बन्धित पालिकाले सहकार्य र आगामी पाँच आर्थिक वर्षसम्म पर्यटन गाउँको वहुवर्षीय आयोजना/कार्यक्रममा सहलगानीको लागि परिषदद्वारा प्रतिवद्धता जनाएको ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित पालिकाले आफ्ना पालिकालाइ नै वा पालिकाका कुनै दुई ठाँउलाइ छनौट गरी जिल्ला समन्वय समितिमा प्रस्ताव पठाउनेछ ।

(२) यस कार्यविधि बमोजिम पालिकाले २०७७ असोज मसान्तभित्र पर्यटन गाँउ छनौट गरी जिल्ला समन्वय समितिमा पठाउनु पर्नेछ ।

६. **प्रस्ताव संकलनः** जिल्ला समन्वय समितिले दफा ५ बमोजिमको प्रस्ताव पठाउन सबै स्थानीय तहलाइ सूचनाद्वारा आह्ववान गर्नेछ ।

७. **प्रस्ताव संकलन तथा मूल्यांकनः** जिल्ला समन्वय समितिले दफा ६ बमोजिम प्राप्त प्रस्ताव दफा ८ बमोजिमको सूचक र अकभारको आधारमा मूल्याकन गर्नेछ । आवश्यक परेमा सम्बन्धित स्थानको अवलोकन समेत गर्नेछ ।

८. **सूचक तथा अंकभार:** दफा ७ बमोजिम प्राप्त प्रस्तावलाइ जिल्ला समन्वय समितिले पर्यटन वस्तुको रूपमा मूलवस्तु, सहयोगी वस्तु र पूरक वस्तुको मूल्याङ्कन गर्ने गरी निर्धारण गरिएको देहायको सूचकहरू र त्यसको अंकभार आधारमा मूल्याँकन गर्नु पर्नेछ ।

**<u>पर्यटन गाउँ छनोटको लागि जिल्ला समन्वय समितिको लागि मूल्याङ्कन सूचक र अङ्कभार</u>**

| सि. न. | सूचकहरू | | प्रस्तावित गाउँको वर्तमान स्तर अनुसारको अंकभार | | | |
|---|---|---|---|---|---|---|
| | | | उच्चस्तर (Advanced) | मध्यम/ स्तर (Medium) | संभाव्य/ सामान्यस्तर | न्यूनस्तर (Non significant) |

| | | | | | (Potential) | |
|---|---|---|---|---|---|---|
| **क. मूल वस्तु : अंक भार 150**<br>**(तलका मध्ये कुनै एक अंकभारमा चिन्ह लगाउनु होस/अंक प्रदान गर्नुहोस)** | | | | | | |
| १ | हिमाली दृष्य वा तराई तथा उपत्यकाकाको लागि राष्ट्रिय निकुन्ज, नदी जंगल, ताल तलैया, भ्याली, गल्छीको भूपरिदृष्य स्पष्ट देखिने | | 15 | 10 | 5 | 3 |
| २ | पदयात्रा, हाइकिङको सञ्चालन भएको/संभावना रहेको वा तराई तथा उपत्यकाको लागि जङ्गल सफारी, बोटिङ् सञ्चालन भएको वा गर्न सकिने | | 15 | 10 | 5 | 3 |
| ३ | पर्वतारोहण गर्न सकिने हिमालको प्रवेश विन्दु वा मार्ग वा तराई तथा उपत्यकाकाको लागि राष्ट्रिय निकुन्ज, आरक्ष, संरक्षित क्षेत्र, नदी जंगल, ताल तलैया, भ्याली, गल्छीको प्रवेश विन्दुको गाउँ | | 10 | 7 | 5 | 4 |
| ४ | चरा अवलोकन, फिसिङ्, जंगली जनावर अवलोकन, चिडियाखाना वा विशिष्ट प्राकृतिक सम्पदा दृष्यावलोकन गर्न सकिने | | ५ | 4 | २ | 1 |
| ५ | हिलस्टेसन वा शितल अवास रहेको वा सञ्चालन संभावना रहेको | | १० | ७ | ५ | ३ |
| ६ | ताल, तलैया, झरना, नदी, खोलानाला रहेको | | ५ | ४ | २ | १ |
| ७ | कृषि पर्यटन (प्रचुर मात्रामा कुनै विशेष पैदावारको उत्पादन भै) कृषि पर्यटनको सम्भावना रहेको कृषि पकेट क्षेत्र, फार्मिङ्, वागवानी, चियावगान, नर्सरी, सहकारी खेतीको अवस्था | | 10 | ७ | ५ | ३ |
| ८ | हावापानी (अति गर्मी वा अति जाडो नहुने) अवस्था | | ५ | ४ | ३ | २ |
| ९ | पुरातात्विक/ऐतिहासिक नगर, विशिष्ट वस्ती | | १० | ७ | ५ | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | ऐतिहासिक/पुरातात्विक स्थल, पुरातात्विक मन्दिर, गुम्वा, चैत्य, मस्जिद | | ५ | ४ | ३ | २ |
| ११ | नयाँ मन्दिर, गुम्बा, चैत्य, मस्जिद | | ५ | ४ | ३ | २ |
| १२ | प्रसिद्ध धार्मिकक्षेत्र/तीर्थस्थल | | ५ | ४ | ३ | २ |
| १३ | वास्तुकला, काष्ठकला, धातुकला, पस्तरकला, चित्रकला जस्ता विशिष्ट कलाकृतिको प्रचुरता रहेको | | 5 | 4 | 3 | 2 |
| १४ | संग्राहलय/जातीय संग्राहलय, विभुति/ऐतिहास व्यक्तिको जन्म/मृत्यु स्थल | | ५ | ४ | ३ | २ |
| १६ | जातीय विशिष्टता धर्म, संस्कृति, परंपरा, भाषा, भेषभुषा, रहनसहन | | १० | ७ | ५ | ३ |
| १७ | विशिष्ट चाडपर्व, जात्रा, परम्परागत महोत्सव, विशिष्ट गीत, संङ्गीत नृत्यकला, मौलिकबाजा | | ५ | ४ | ३ | २ |
| २० | विशिष्ट धार्मिक रीतिरिवाज, विशिष्ट सामाजिक संस्कार (विवाह, मृत्युआदि), विशिष्ट पारीवारिक प्रणाली | | ५ | ४ | ३ | २ |
| २२ | लामो दूरीको ट्रेकिङ्/ हाइकिङ् पदमार्ग (सर्किट)मा अवस्थिति (तराई र उपत्यकामा जंगल सफारीको निकटमा रहेको) | | 10 | 7 | 4 | 2 |
| २३ | साहासिक खेल (प्याराग्लाइडिङ्, बन्जिजम्पिङ्, रयाफ्टिङ्, रकक्लाइम्बिङ्, जीपलाइनर आदि)को स्थिति वा सम्भावना | | 10 | 7 | 4 | 2 |
| **ख. सहयोगी वस्तुः अंकभार 100 (तलका मध्ये कुनै एक अंकभारमा चिन्ह लगाउनु होस/अंक प्रदान गर्नुहोस)** | | | | | | |
| २७ | पर्यटकलाई मौलिक र विशिष्ट उपहारको रूपमा प्रदान गर्न सकिने वस्तुको उत्पादनको अवस्था | | 15 | 10 | 5 | 5 |
| २४ | ठूला आयोजना अवलोकन (विद्युत, सिचाई, खानेपानी, सडक, पूल, एयरपोर्ट, टनेल, केबुलकार, रेलमार्ग, खेलस्टेडियम आदि) | | ५ | ४ | ३ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५ | होमस्टे सुविधा | | ५ | ४ | ३ | २ |
| २८ | सिर्जनशील कार्यको अवस्था एवं त्यसको पर्यटकीय उपयोगको अवस्था | | ५ | 5 | ३ | २ |
| २९ | पर्यटकीय वस्तु विकास/प्रवर्द्धन तथा बजारीकरणको संभावना | | 20 | 15 | 10 | 5 |
| ३० | सडक पहूँच | | लोकमार्ग/ दुई लेन कालोपत्रे | एक लेन कालोपत्रे | ग्राभेल (अलवेदररोड) | कच्ची सडक |
| | | | १० | ८ | ६ | ५ |
| ३१ | हवाईसेवा, चालू हालतको एयरपोर्ट | | डेढघण्टा सम्मको दुरीमा | अढाइघण्टा सम्मको दुरीमा | चारघण्टा सम्मको दुरीमा | चारघण्टा भन्दाबढी दुरीमा |
| | | | ५ | ४ | ३ | २ |
| ३२ | होटल, लज | | तारेस्तरका पर्याप्त होटल | पर्यटकस्तरका पर्याप्त होटल | पर्यटकस्तरका अपर्याप्त होटल | सामान्य होटल |
| | | | 5 | 4 | 3 | 2 |
| ३३ | सञ्चार (इन्टरनेट समेत) | | ५०प्रतिशत भन्दाबढी जनतामा इन्टरनेट पहुँच | २५ प्रतिशत भन्दा बढी जनतामा इन्टरनेट पहुँच | ५ प्रतिशत भन्दा बढी जनतामा इन्टरनेट पहुँच | १ प्रतिशत भन्दा कममा इन्टरनेट पहुँच वा नभएको |
| | | | ५ | ४ | ३ | १ |
| ३४ | अस्पताल र एम्वुलेन्स सेवा | | १५ शैया वा सोभन्दा ठूलो अस्पताल र एम्वुलेन्स रहेको | प्राथमिक स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी र एम्वुलेन्स | उपस्वास्थ्यचौकि छ र १० कि.मि. टाढाको | ७ कि.मी भन्दा टाढाको स्वास्थ्य सेवा र १० कि.मि. भन्दा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | रहेक | एम्वुलेन्स पहुँच | टाढाको एम्वुलेन्स पहुँच |
| | | | ५ | ४ | ३ | १ |
| ३५ | बैङ्क | | एटिएम सहितको वाणिज्य बैङ्क/वित्तीय संस्था | वाणिज्य बैङ्क को शाखा/वित्तीय संस्था | 10 कि. मि.भन्दा टाढा बैङ्किङ /वित्तीय सेवा | ३० कि. मि भन्दा टाढा बैङ्किङ/वित्तीय सेवा |
| | | | ५ | ४ | ३ | १ |
| ३६ | सुरक्षा सेवा (नेपालप्रहरी, सामुदायिक प्रहरी) | | जि.प्र.का/ इलाका प्र. का | प्रहरी चौकि | ७ कि. मि भन्दा टाढा सुरक्षा सेवा | १० कि. मि भन्दा टाढा सुरक्षा सेवा |
| | | | ५ | ४ | 3 | 2 |
| ३७ | पिउने पानीको पर्याप्त उपलव्धता | | 5 | 4 | 3 | 2 |
| | स्थानीय गाउँको पर्यटकीय विशेष मौलिक पहिचान रहेको कुनै कुरा (उल्लेख गर्ने) | | ५ | ४ | ३ | २ |

**ग. पूरक वस्तु:अंकभार 50**

**(तलका मध्ये कुनै एक अंकभारमा चिन्ह लगाउनु होस/अंक प्रदान गर्नुहोस)**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४० | समग्र पूर्वाधार विकासको संभावना | | 20 | 15 | 10 | 5 |
| ३९ | सरसफाई तथा फोहोरव्यवस्थापन | | 5 | 4 | 3 | 1 |
| | साक्षरता र शैक्षिक संस्था | | ७० % भन्दा बढी र स्नातकोत्तर अध्ययन संस्था | ६५% भन्दा बढी र स्नातक अध्ययन संस्था | ६०% भन्दाबढी र १२ कक्षासम्म अध्ययन संस्था | ६०% भन्दा कम र 12 कक्षा भन्दा कमको अध्ययन संस्था |
| | | | 5 | 4 | 3 | 2 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४४ | पर्यटन गाउँ सञ्चालनमा समुदायको तत्परता र प्रतिवद्धता/ स्थानीय सरकारको पर्यटन विकासमा प्राथमिकता | | ५ | ४ | ३ | २ |
| 44 | पर्यटकीय गाउँको विकासमा स्थानीय युवा(क्लव/समूह)को अग्रसरता/तत्परता | | ५ | ४ | ३ | २ |
| ४५ | लाभान्वित जनसंख्या | | २०००० भन्दाबढी | २०००० सम्म | १६००० सम्म | १२००० सम्म |
| | | | 10 | 7 | 5 | 3 |
| | **कुल जम्मा प्राप्ताङ्क** | | | | | |

९. **मूल्यांकन समितिः** जिल्ला समन्वय समितिले प्राप्त प्रस्ताव मूल्यांकनका लागि जिल्ला समन्वय अधिकारीको अध्यक्षतामा सम्वन्धित क्षेत्रको विज्ञसहित बढीमा पाँच सदस्यीय मूल्यांकन समिति गठन गर्नेछ ।

१०. **प्रदेश गाँउ सिफारिशः** जिल्ला समन्वय समितिले प्राप्त प्रस्तावका मूल्यांकनका आधारमा उत्कृष्ट देखिएका तीन वटा प्रस्तावलाइ कात्तिक मसान्त भित्र प्रदेश मन्त्रालयमा पठाउनेछ ।

११. **प्रदेश मन्त्रालयको लागि पर्यटन गाउँ छनौटका सूचक**: प्रदेश मन्त्रालयले जिल्ला समन्वय समितिबाट प्राप्त प्रस्ताव देहाय बमोजिमको आधारमा मूल्याँकन गर्नेछः

**पर्यटन गाउँ छनोटको लागि प्रदेश सरकारको लागि मूल्याङ्कन सूचक र अङ्कभार**

| क्र.सं. | छनौटका सूचक | उच्चस्तर | मध्यमस्तर | सम्भाव्यस्तर | न्यूनस्तर |
|---|---|---|---|---|---|
| **कूल अंकभार: 50**<br>**(तलका मध्ये कुनै एक अंकभारमा चिन्ह लगाउनु होस/अंक प्रदान गर्नुहोस)** | | | | | |
| 1 | दफा 8 बमोजिमको मूल्यांकनको औसत अंकभार | 50 | 40 | 30 | 20 |
| 2 | राष्ट्रिय पर्यटन महत्वको वस्तु/स्थान हुने सम्भावना | 25 | 15 | 10 | 5 |
| 3 | मुख्य बजार केन्द्रको विकासमा सहयोगी | 15 | 15 | 10 | 5 |

| | | | | | |
|---|---|---|---|---|---|
| 4 | स्थानीय रोजगारीको सम्भावना | 10 | 7 | 5 | 3 |
| 5 | समुदाय र स्थानीय तहको लगानी | 10 | 7 | 5 | 3 |
| | **कूल जम्मा प्राप्ताङ्क** | | | | |

**१२.** प्रदेश मन्त्रालयले प्रदेशका अन्तर्गतका सबै जिल्लाबाट सिफारिस भई आएका प्रस्तावित गाउँमध्ये दफा ११ बमोजिमको सूचकको अंकभारको आधारमा मूल्याङ्कन गर्नु पर्नेछ ।

**१३.** दफा १1 बमोजिम मूल्याकन गर्नु अघि प्रदेश मन्त्रालयलाइ सिफारिश भएका स्थानको अवलोकन वा अध्ययन गर्न चाहेमा टोली पठाउन सक्नेछ ।

**१४.** दफा १0 बमोजिमको अवलोकन र दफा १1 बमोजिमको मूल्याकनबाट बढी अंक पाउने कुनै दुइ पालिकालाइ प्रदेश मन्त्रालयले सिफारिश गर्नेछ । प्रदेश मन्त्रालयले यस्तो सिफारिश मंसिर महिनाको तेस्रो हप्ताभित्र पठाइ सक्नुपर्नेछ ।

**१५.** प्रदेश मन्त्रालयबाट प्राप्त सिफारिस उपर आवश्यकता अनुसार स्थलगत अध्ययन समेत गरी प्रत्येक प्रदेशको एक/एक गाउँलाई मन्त्रालयले पर्यटन गाउँको रूपमा छनोट गर्ने र सो को जानकारी मन्त्रालयले प्रदेश सरकार, जिल्ला समन्वय समिति र सम्बन्धित पालिकालाई दिनेछ। मन्त्रालयले पुस महिनाभित्र पर्यटन गाँउ छनौट गरीसक्नु पर्नेछ ।

## परिच्छेद -३

## पर्यटन गाउँ विकासको गुरूयोजना तर्जुमा, सञ्चालन तथा व्यवस्थापन

**१६.** **पर्यटन गाउँ विकास गुरूयोजना**: पर्यटन गाउँ स्वीकृत भए पश्चात मन्त्रालयले सम्बन्धित पालिका र प्रदेशको समन्वयमा गुरूयोजना तर्जुमा गर्नेछ ।

**१७.** दफा १६ बमोजिम स्वीकृत गुरूयोजनाको आधारमा पर्यटन विभागले सम्बन्धित पालिकाको समन्वयमा विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण गरी स्वीकृत गर्नेछ ।

**१८.** दफा १७ बमोजिम स्वीकृत विस्तृत परियोजना प्रतिवेदनको आधारमा सम्बन्धित पालिकाले पर्यटन गाँउसंग सम्बन्धित क्रियाकलापको सञ्चालन गर्नुपर्नेछ ।

**१९.** यस बमोजिम स्वीकृत पर्यटन गाँउको लागि बजेट तथा स्रोतको व्यवस्थापन गाउँपालिका, प्रदेश मन्त्रालय तथा मन्त्रालयको लागत सहभागिताको आधरामा व्यहोर्नुपर्नेछ ।

**२०.** **पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी आयोजनाको लागि योग्य हुने:** पर्यटन गाउँ स्वीकृत भए पश्चात पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी आयोजना कार्यविधि बमोजिम स्वत: योग्य हुनेछ।

**२१.** **लागत साझेदारीमा गणना गर्न सकिने :** यस बमोजिमको काममा उपभोक्ता समितिबाट जनश्रमदान हुने अवस्थामा त्यस्तो श्रमदानको लागत बढीमा दश प्रतिशत कायम गरिनेछ र सो बाहेकको पालिकाको हिस्सा भने बजेटमा व्यवस्था गर्नु पर्नेछ ।

**२२.** **संभार तथा व्यवस्थापन:** यस कार्यविधि बमोजिम विकास भएका पर्यटन गाँउको आयोजना एवं क्रियकलापहरूको संभार तथा व्यवस्थापन सम्बन्धित पालिकाद्वारा हुनेछ ।

**२३.** **पर्यटन गाउँको प्रवर्धन तथा बजारीकरण:** पर्यटन गाउँको प्रवर्धन तथा बजारीकरण नेपाल पर्यटन बोर्ड तथा प्रदेश सरकारबाट हुनेछ ।

## परिच्छेद ४

## पर्यटन गाउँ गुरूयोजना कार्यान्वयन र अनुगमन

**२४.** **उपभोक्ता समिति गठनः** पर्यटन गाउँको पूर्वाधार तथा वस्तु विकास गुरूयोजना कार्यान्वयनमा स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्न सम्बन्धित पालिकाले उपभोक्ता समिति गठन गर्न सक्नेछन् ।

तर एउटा पर्यटन गाउँको लागि परियोजना वा पर्यटन उपजहरू विकास गर्दा एउटा वडामा ३ वटा भन्दा बढी उपभोक्ता समिति गठन गर्न सकिने छैन ।

**२५.** दफा १७ मा जुनसुकै कुरा लेखिएको भएता पनि हेभि मेशिनरी उपकरणको प्रयोग गरी कार्यान्वयन परियोजना प्रचलित कानून बमोजिम प्रतिष्पर्धात्मक माध्यमबाट गर्नुपर्नेछ ।

**२६.** पर्यटन गाउँको विकास सम्बन्धी नियमित अनुगमन र मुल्याङ्कन सम्बन्धित पालिकाबाट गर्नुपर्नेछ। मन्त्रालय तथा प्रदेश मन्त्रालयले आवश्यकता अनुसार यस्ता गाउँको अनुगमन गर्नसक्नेछन् ।

**२७.** मन्त्रालय वा प्रदेश मन्त्रालयले पर्यटन गाउँको लागि आवश्यक पर्ने प्राविधिक सहयोग सम्बन्धित पालिकालाई मागको आधारमा उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद ५

## पर्यटन गाउँ सञ्चालन तथा व्यवस्थापन

२८. **सञ्चालन तथा व्यवस्थापन समिति: (१)** पर्यटन गाउँमा मौजुदा पूर्वाधार तथा उपजको उपयोग गरी पर्यटनको गतिविधिलाई व्यवस्थापन गर्न देहायको समिति रहनेछ:-

(क) सम्बन्धित पालिका प्रमुख- **अध्यक्ष**

(ख) सम्बन्धित वडा अध्यक्ष वा एक भन्दा बढी वडाका क्षेत्रमा पर्यटन गाँउ पर्ने भए अध्यक्षले मनोनित गरेको सम्बन्धित वडा अध्यक्ष- **सदस्य**

(ग) पर्यटन व्यवसायी, स्थानीय वुद्धिजिवि तथा प्रवुद्ध वर्गबाट अध्यक्षले मनोनित गरेको कम्तिमा १ महिला सहित ३ जना- **सदस्य**

(घ) नेपाल उद्योग वाणिज्य संघको जिल्ला अध्यक्ष वा निजले तोकेको प्रतिनिधि- **सदस्य**

(ङ) पर्यटन क्षेत्र हेर्ने गाउँपालिकाको शाखा प्रमुख- **सदस्य सचिव**

**(**२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य, तथा अधिकार देहाय बमोजिम हुनेछः÷

(क) पर्यटन गाउँको व्यवस्थापन तथा सञ्चालनको समग्र व्यवस्थापन गर्ने,

(ख) संघ, प्रदेश र स्थानीय सरकारसँगको सम्पर्क, सहयोग परिचालन र समन्वय गर्ने,

(ग) पर्यटन गाउँको गुरुयोजनाको अवधारणा तर्जुमामा समन्वय गर्ने,

(घ) गुरुयोजनाको विस्तृत डिजाइनमा प्राविधिक, व्यवस्थापकीय र आवश्यकता अनुसारका सूचना उपलव्ध गराउने । आवश्यक अन्तरक्रियाको आयोजना गर्ने,

(ङ) स्वीकृत गुरुयोजना र विस्तृत डिजाइनका आधारमा पर्यटन गाँउको कार्यक्रम वा योजना कार्यान्वयनको समन्वय गर्ने,

(च) विज्ञ समेतको सहयोगमा बजारीकरण र प्रवद्धन सम्बन्धी रणनीति तर्जुमा र कार्यान्वयन गर्ने,

(छ) आवस्यकताअनुसार उपभोक्ता समिति गठन गर्ने ।

(ज) बजारीकरण र प्रवर्द्धनको कार्यको लागि नेपाल पर्यटन बोर्डको सेवा लिने,

(झ) पर्यटन गाउँको भ्रमण प्याकेज विक्रि वितरण तथा प्रवदर्धन गर्ने स्थापित ट्राभल एजेन्सीको समेत सहयोग लिन सकिनेछ ।

(ञ) पर्यटन गाउँको सरसफाई व्यवस्थापन, वस्तु वा सेवाको गुणस्तरीयता सुपरिवेक्षण, वातावरण संरक्षण, पर्यटकीय सुरक्षा, पर्यटकीय वस्तु वा पूर्वाधारको मर्मत संभार लगायतका काम गर्न सरकारी, निजी, गैर-सरकारी र सामुदायिक संस्थाहरूको सहयोग परिचालन गर्ने,

(ट) पर्यटन गाउँको समग्र पर्यटकीय वस्तु, गुणस्तर तथा कामको सम्बन्धमा पृष्ठपोषण लिने,

## परिच्छेद 6

## विविध

**२९. बाधा अड्काउ फुकाउ:** पर्यटन गाउँको कार्यान्वयनमा कुनै बाधा, अड्काउ परेमा मन्त्रालयको निर्णयद्वारा सोको समाधान गरिनेछ ।

**३०. प्रतिवेदन:** पर्यटन गाउँको छनौट पश्चात गुरूयोजना निर्माण, विस्तृत परियोजना प्रतिवेदन र परियोजना निर्माण र पर्यटन गाउँको विकास पश्चात सञ्चालन र व्यवस्थापन सम्बन्धी वार्षिक प्रगति प्रतिवेदन गाउँपालिकाले प्रदेश मन्त्रालय र मन्त्रालयमा वार्षिक रूपमा साउन मसान्त भित्र पठाइनुपर्नेछ ।

**३१. लेखापरीक्षण:** पर्यटन गाउँ विकास तथा सञ्चालन सम्बन्धी कार्यहरूको लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।